पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाबाट प्रकाशित

# स्थानीय राजपत्र

खण्डः१ संख्याः१३ मितिः२०८१/१२/१९

**भागः-२**

# तकसेरा ऐतिहासिक जिवित सास्कृतिक संग्रहालय २०८१

कार्यपालिकामा प्रस्तुत मितिः२०८१/११/०४

कार्यपालिकाबाट स्विकृत मितिः२०८१/११/०४

प्रस्तावना

नेपालको संघीय संरचनाअन्तर्गत लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वका महत्वपूर्ण ऐतिहासिक बस्तीहरूमध्ये तकसेरा प्रमुख सांस्कृतिक पहिचान बोकेको स्थान हो। मगर र दलित समुदायको प्राचीन बस्ती तथा विविध जातीय समुदायको साझा संस्कृतिले भरिपूर्ण यस क्षेत्रमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय तथा पुरातात्त्विक दृष्टिले महत्वपूर्ण सम्पदा विद्यमान छन्।तकसेरामा रहेको मगर समुदायको परम्परागत घर संरचना, मौलिक बाजागाजा, भेषभूषा, पर्व तथा संस्कार, सामूहिक निर्णय प्रक्रिया, धार्मिक आस्थाका केन्द्रहरू, ऐतिहासिक युद्ध थलोहरू, गुरिल्ला पदमार्ग तथा पुरातात्त्विक अवशेषहरूले यस क्षेत्रलाई "ऐतिहासिक जीवित सांस्कृतिक संग्रहालय" को रूपमा विकास गर्न अत्यन्त उपयुक्त तुल्याएको छ।

संघ, प्रदेश तथा स्थानीय सरकारको समन्वयमा यहाँका ऐतिहासिक सम्पदा संरक्षण गर्दै पर्यटकलाई आकर्षित गर्न सकिने अपार सम्भावना छ। तर, हालसम्म यस्ता सम्पदाको

व्यवस्थापन, प्रवर्द्धन तथा आर्थिक स्रोत परिचालनमा कुनै निश्चित कार्यविधि नबनेका कारण तकसेराको मौलिक पहिचान ओझेलमा पर्दै गएको छ।यसैले तकसेरा ऐतिहासिक जीवित सांस्कृतिक संग्रहालय संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१ तयार गरी यहाँको ऐतिहासिक सम्पदा जोगाउने, पर्यटन प्रवर्द्धन गर्ने, तथा स्थानीय समुदायको आर्थिक र सांस्कृतिक उत्थानमा योगदान गर्ने उद्देश्य लिइएको छ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१)यो कार्यविधिलाई "तकसेरा ऐतिहासिक जिवित सांस्कृतिक संग्रहालय संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१" भनिनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृति भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. **परिभाषा:** (१)विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"अध्यक्ष"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका अध्यक्ष भन्ने बुझिन्छ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष भन्ने बझिन्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका बुझिन्छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाप्रमुख प्रशासकीय अधिकृत बुझिन्छ ।

(ङ) **"समिति"** भन्नाले दफा ८ बमोजिम गठित संरक्षण समिति बुझिन्छ

(च) **"स्थानीय समुदाय"** भन्नाले तकसेरामा बसोबास गर्ने नागरिकलाई बुझिन्छ।

(छ) **"संग्रहालय"** भन्नाले तकसेरा गाउँको ऐतिहासिक र सांस्कृतिक संरचनाहरूको समग्र संरक्षण क्षेत्र बुझिन्छ।

३. **उद्देश्य:** (१)यो कार्यविधिको उदेश्य देहाय बमोजिम रहेको छ;

पुथाउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

(क) ऐतिहासिक सम्पदा तथा भौतिक संरचनाको पुनर्निर्माण एवं संरक्षण गर्ने।

(ख) ग्रामीण पर्यटन प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने।

(ग) तकसेराको ऐतिहासिक सम्पदालाई संरक्षण गरी "सांस्कृतिक संग्रहालय" को रूपमा विकास गर्ने।

(घ) तकसेरालाई ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय हबको रूपमा विकास गर्ने।

(ङ) तकसेरालाई पर्यटकीय गन्तव्यका रूपमा विकासगर्ने ।

(च) पौराणिक संरचना, भाषा, कला, र संस्कृतिको संरक्षण गर्न ।

(छ) मौलिक कला, संस्कृति, भेषभूषा, पर्व तथा परम्परा लाई प्रवर्द्धन गर्ने।

(ज) स्थानीय जीवनशैली र सांस्कृतिक परम्पराको जगेर्ना गर्न।

## परिच्छेद -२

## संग्रहालयकाको सीमांकन, विकास तथा संरक्षण

४. **सीमांकन प्रक्रिया:**(१) तकसेरा गाउँको ऐतिहासिक, सांस्कृतिक, र पुरातात्विक महत्व भएको क्षेत्रको विस्तृत अध्ययन गरी संग्रहालयको चारकिल्ला निर्धारण गरिनेछ।

(२) स्थानीय समुदाय, जनप्रतिनिधि, सांस्कृतिक अभियन्ता, र प्राविधिक विज्ञहरूको समन्वयमा चारकिल्ला क्षेत्र नक्सांकन गरिनेछ।

(३) चारकिल्ला निर्धारणका लागि भू-सर्वेक्षण गरी गाउँपालिकाले आधिकारिक नक्सा प्रकाशन गर्नेछ।

(४) गाउँपालिका कार्यपालिकाको निर्णयअनुसार चारकिल्ला क्षेत्रको कानुनी मान्यता स्थापित गरिनेछ।

(५) संग्रहालय क्षेत्रको चारकिल्ला सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ।

(६) संग्रहालयको आधिकारिक सीमाना तोक्न सूचना पाटी, संकेत बोर्ड, तथा सांस्कृतिक प्रतीकहरू राखिनेछ।

पुथाउत्तरगङ्गा गाउँपालिका स्थानीय राजपत्र

(७) चारकिल्ला क्षेत्रभित्र कुनै नयाँ व्यावसायिक वा आधुनिक संरचना निर्माण गर्न पाइने छैन।

५. **संग्रहालय संरक्षण:** (१) संग्राहलयको संरक्षण र व्यवस्थापनको लागि देहाय बमोजिमको कार्य गर्नुपर्नेछ ।

(२) तकसेरामा रहेका माटो, ढुंगा, काठ जस्ता परम्परागत सामग्रीले बनेका घरहरूको मर्मत सम्भार गर्दा पौराणिक वास्तुकला शैली, रङ, र स्वरूपलाई कायम राखी काम गरिनेछ। यसका लागि आवश्यक प्राविधिक निर्देशन गाउँपालिकाले उपलब्ध गराउनेछ।

(३)सार्वजनिक स्थल, ऐतिहासिक वाटो, र सम्पदाको संरक्षणका लागि गाउँपालिकाले आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नुपर्नेछ। यी संरचनाको मर्मत सम्भार गर्दा स्थानीय कच्चा पदार्थ (उदाहरण: माटो, ढुंगा, काठ) र परम्परागत सीपहरूको अनिवार्य प्रयोग गरिनेछ।

(४) जिवित संग्रहालय घोषणा गरेको क्षेत्रभित्र कुनै पनि नयाँ संरचना निर्माण गर्दा, संरचनाको परम्परागत आकार, रङ, र स्वरूप परिवर्तन हुने कार्य गर्न पाइने छैन।

(५) जिर्ण अवस्थामा पुगेका संरचनाको मर्मत सम्भार गर्दा गाउँपालिकाको पूर्वस्वीकृति अनिवार्य हुनेछ।

(६) परम्परागत शैली कायम राखेर मात्र मर्मत सम्भार कार्य गर्न अनुमति दिइनेछ।

(७) संरचनाहरूको मर्मत सम्भारमा स्थानीय समुदायका दक्ष कारीगर र सीपयुक्त व्यक्तिलाई प्राथमिकता दिइनेछ।

(८)संरचना संरक्षणका कार्यहरूको गुणस्तर सुनिश्चित गर्न गाउँपालिकाले प्राविधिक टोलीद्वारा अनुगमन गर्ने व्यवस्था गरिनेछ।

(९) संग्रहालय क्षेत्रभित्र रहेका ऐतिहासिक घरहरूलाई होमस्टेमा रूपान्तरण गर्न सकिनेछ। होमस्टे सञ्चालन गर्दा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ र गाउँपालिकाले निर्धारण गरेको मापदण्डको पूर्ण पालना गर्नुपर्नेछ।

(१०) संग्रहालय क्षेत्रभित्र कुनै पनि नयाँ संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाको अनिवार्य अनुमति लिनुपर्नेछ।

(११) संग्रहालय क्षेत्रभित्र फोटो, भिडियो, तथा फिल्म सूटिङ लगायतका गतिविधि सञ्चालन गर्न गाउँपालिकाबाट पूर्वस्वीकृति लिनुपर्नेछ। स्वीकृति नलिई गतिविधि सञ्चालन गरेमा तोकिएको जरिवाना लाग्नेछ।

(१२) संग्रहालय क्षेत्रभित्र ड्रोन क्यामेरा उडाउने कार्य गाउँपालिकाको अनुमति बिना गर्न पाइने छैन। अनुमति प्राप्त गरेपछि गाउँपालिकाले तोकेको शर्तहरूको पूर्ण पालना गर्नुपर्नेछ।

(१३)संग्रहालय क्षेत्रभित्र गाउँपालिकाबाट स्वीकृति नलिई व्यापार, व्यवसाय वा व्यावसायिक गतिविधि सञ्चालनगर्न पाईने छैन ।

६. **संग्रहालयको प्रवर्द्धन तथा विकास :**(१)संग्रहालयको विकास र प्रवर्द्धनको लागि देहाय बमोजिमको कार्य गर्नुपर्नेछ ।

(क) संग्रहालय क्षेत्रमा रहेका ऐतिहासिक, सांस्कृतिक, र पुरातात्विक सम्पदाहरूको संरक्षित राख्न आवश्यक मर्मत र संरक्षण कार्य गरिनेछ।

(ख) संग्रहालय क्षेत्रभित्र विभिन्न जातजातिका परम्परा, भेषभूषा, कृषि, घरेलु उपकरण र अन्य सांस्कृतिक तत्वहरूको प्रदर्शनी गरिनेछ।

(ग) स्थानीय समुदायका विशिष्ट जातीय र सांस्कृतिक विशेषताहरूलाई प्रदर्शित गर्ने कार्य गरिनेछ।

(घ) प्रत्येक जातिको अनौठो जीवनशैली र परम्पराको महत्व र बुझाइमा आगन्तुकलाई जानकारी दिने कार्य गरिनेछ।

(ङ) संग्रहालयमा स्थानीय इतिहासलाई झल्काउने चित्र, दस्तावेज, र भिडियो सामग्रीहरूको प्रदर्शनी गरिनेछ।

७. **सांस्कृतिक प्रवर्द्धन:** (१) स्थानीय नाचगान, संगीत, नाटक, हस्तकला, तथा परम्परागत सीपहरूको नियमित प्रदर्शनी, प्रतियोगितार महोत्सव आयोजना गरिनेछ।

(२) सांस्कृतिक कार्यक्रमहरू विद्यालय तथा सामुदायिक तहमा समेत सञ्चालन गरिनेछ।

(३) स्थानीय भाषा तथा लिपिको संरक्षण र प्रवर्द्धनका लागि शिक्षा तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

(४) विद्यालय तथा समुदायमा स्थानीय भाषा सिकाउने कक्षा सञ्चालन गरिनेछ।

(५) मातृभाषामा लेखिएका लोककथा, गीत, साहित्य, र इतिहासको अभिलेखीकरण गरिनेछ।

(६) डिजिटल माध्यमबाट स्थानीय भाषा, कला, तथा सांस्कृतिक सम्पदाबारे सामग्री सिर्जना र प्रचार गरिनेछ।

**परिच्छेद -३**

**संरक्षण समिति गठन तथा संचालन**

८. **संरक्षण समिति गठन:** (१) गाउँपालिका कार्यपालिकाद्वारा“तकसेरा ऐतिहासिक जिवित सांस्कृतिक संग्रहालय संरक्षण समिति” गठन गरिनेछ।

(२) समितिमा स्थानीय समुदाय, जनप्रतिनिधि, र विषय विज्ञहरूको समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

(३) समितिको संरचना देहाय बमोजिम हुनेछ ।

1. संरक्षण समिति संयोजक–गाउँपालिकाका अध्यक्ष (संरक्षण कार्यको नेतृत्वकर्ता)
2. सह संयोजक–गाउँपालिकाका उपाध्यक्ष
3. सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत,
4. सदस्यहरू:
   - सम्बन्धित वडाका वडा अध्यक्ष
   - कार्यपालिका सदस्य(२ जना १ महिला सहित)
   - पुरातत्व तथा संस्कृति विज्ञ
   - पर्यटन क्षेत्रका विज्ञ
   - स्थानीय संचारकर्मी (१ जना)
   - स्थानीय समुदायका प्रतिनिधि (२ जना १ महिला सहित)
   - हस्तकला तथा परम्परागत सीपका प्रतिनिधि (१ जना)

(४) समितिकोकाम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।

पृथ्वीउत्तरगङ्गा गाउँपालिका राजपत्र

क) संग्रहालय क्षेत्रभित्र रहेका सम्पदाहरूको संरक्षण तथा व्यवस्थापनको नीति निर्माण।

ख) संग्रहालयको चारकिल्ला निर्धारण, भौतिक संरचना मर्मत, तथा पर्यटकीय गतिविधि प्रवर्द्धन।

ग) स्थानीय समुदायको सहभागिता अभिवृद्धि गरी उनीहरूको हक, हित, तथा रोजगारसिर्जनामा सहयोग।

घ) संग्रहालय क्षेत्रमा हुने सांस्कृतिक कार्यक्रम तथा प्रचार–प्रसारको व्यवस्थापन।

ङ) आवश्यक वित्तीय स्रोत परिचालन, दातृ संस्थासँग समन्वय, तथा बजेट व्यवस्थापन।

च) संग्रहालय क्षेत्रको सरसफाइ, सुरक्षा, तथा वातावरण संरक्षण।

छ) संग्रहालयको वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन अनुगमन तथा नियमन गर्ने।

ज)कोषको संचालन तथा व्यवस्थापनको लागि गाउँपालिकालाई सिफारिस गरिनेछ ।

(५) समिति ५ वर्षका लागि गठित हुनेछ। आवश्यकता अनुसार गाउँपालिकाको निर्णयबाट पुनर्गठन वा समयावधि थप गर्न सकिनेछ।

(६) समितिको बैठकअर्धबार्षिक रुपमा हुनेछ तर विशेष परिस्थितिमा अध्यक्षको अनुरोधमा आकस्मिक बैठक बोलाउन सकिनेछ।

(७) निर्णय बहुमतका आधारमा गरिनेछ मत बरावर भएमा अध्यक्षको मतलाइ निर्णायक मानिनेछ ।

(८) समितिले नियमित रूपमा संरक्षण तथा व्यवस्थापन कार्यहरूको अनुगमन गर्नेछ।

(९) समितिले प्रत्येक वर्ष गाउँपालिकालाई प्रतिवेदन पेश गर्नेछ।

## परिच्छेद -४

## पूर्वाधार तथा आर्थिक विकास तथा फोहर मैला व्यवस्थापन

९. **पर्यटन पूर्वाधार विकास**:(१) तकसेरालाई एक आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापन गरिनेछ। यस अन्तर्गत निम्न व्यवस्था गरिनेछः

(क) संग्रहालय क्षेत्रभित्र पर्यटकलाई स्थानीय वातावरणअनुसार बस्न मिल्ने गरी स्थानीय वास्तुकला, परम्परागत निर्माण शैली (माटो, ढुंगा, काठ) को प्रयोग गरी होमस्टे सञ्चालन गरिनेछ।

(ख) स्थानीय परिकार तथा खानपानलाई प्राथमिकता दिई पर्यटकलाई मौलिक स्वाद प्रदान गरिनेछ।

(ग) पर्यटकलाई संग्रहालय क्षेत्रको ऐतिहासिक महत्त्व, सांस्कृतिक गतिविधि, तथा मार्गनिर्देशन प्रदान गर्न सूचना केन्द्र स्थापना गरिनेछ।

(घ) संग्रहालय क्षेत्रभित्र पर्यटकलाई सहज पहुँचका लागि सुरक्षित पैदल मार्गतथा पर्यटकीय मार्गहरूको विकास गरिनेछ।

(ङ) संग्रहालय क्षेत्रको मुख्य प्रवेश बिन्दुमा पर्यटक तथा स्थानीयका लागि सवारी साधनको सुरक्षित पार्किङ व्यवस्था गरिनेछ।

(च) पर्यटकको सुविधाका लागि पर्याप्त शौचालय, पिउने पानी, तथा सरसफाइ व्यवस्थापन गरिनेछ।

(छ) स्थानीय उत्पादन, हस्तकला, तथा परम्परागत सामग्रीको बिक्रीका लागि विशेष पसल "संग्रहालय स्मृति स्टोर" सञ्चालन गरिनेछ।

(ज) स्थानीय संस्कृति, परम्परा, र प्राकृतिक स्रोतको सम्मान गर्दै पर्यटन गतिविधिहरू सञ्चालन गरिनेछ।

(झ) डिजिटल पर्यटन प्रवर्द्धनका लागि सामाजिक सञ्जाल, युट्युब, र वृत्तचित्र निर्माण गरिनेछ।

(२) संग्रहालय क्षेत्रभित्र गरिने पर्यटन पूर्वाधार विकासको नियमन तथा व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(३) पूर्वाधारको विकासको लागि गाउँपालिकाले आवश्यक मापदण्ड बनाउनु पर्नेछ ।

१०. **आर्थिक स्रोतको व्यवस्थापन:**(१)संग्रहालय क्षेत्रको व्यवस्थापन, संरक्षण, र प्रवर्द्धनका लागि"जिवित संग्रहालय कोष" स्थापना गरिननेछ । कोषको आवश्यक आर्थिक स्रोतको व्यवस्थापन निम्न माध्यमबाट गरिनेछ ।

(क) संग्रहालय प्रवेश गर्ने पर्यटकहरूबाटउचित प्रवेश शुल्क लिन सकिनेछ। प्रवेश शुल्कमा स्थानीय बासिन्दालागि ५०% छुटको व्यवस्था गरिनेछ।

(ख) "संग्रहालय स्मृति स्टोर" सञ्चालन गरिस्थानीय हस्तकला, कृषि उत्पादन, तथा परम्परागत सामग्रीको बिक्रीबाट राजस्व संकलन गरिनेछ।

(ग) होमस्टे तथा अन्य पर्यटकीय सेवाबाटगाउँपालिकालाई आर्जित आम्दानीको ४० प्रतिशतरकम संग्रहालयको व्यवस्थापनमा लगानी गरिनेछ ।

(घ) संग्राहलय क्षेत्रभित्र फोटो, भिडियो, सुटिङ लगायतको गतिविधि हुदा निश्चित शुल्क लिनुपर्नेछ ।

(ङ) गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमबाट निश्चित रकमको व्यवस्थापन गर्नुपर्नेछ।

(च) निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूसँग साझेदारी गरी पूर्वाधार विकास गरिनेछ ।

(छ) संघीय र प्रदेश सरकारबाट अनुदान प्राप्त गर्न पहल गरिनेछ ।

(ज) विशेष सांस्कृतिक कार्यक्रम तथा मेलाहरूको आयोजना गरी आर्थिक स्रोत जुटाइनेछ।

(२) कोषको संचालन तथा व्यवस्थापनगाउँपालिकाद्वारा गरिनेछ ।

(३)गाउँपालिकाले कोषको परिचालन गर्दा संरक्षण समितिको कार्ययोजना तथा सिफारिसको आधारमा गर्नुपर्नेछ ।

(२) संग्रहालय क्षेत्रभित्र दफा १ मा उल्लेखित उपायहरु विपरित फोहरजन्य गतिविधि गर्नेलाई जरिवाना हुनेछ ।

११. (३) सरसफाइ **सरसफाइ र वातावरण संरक्षण:** (१) संग्रहालय क्षेत्रको दिगो विकासका लागि सरसफाइ र वातावरण संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ। यसका लागि निम्न उपायहरू अवलम्बन गरिनेछन्:

(क) संग्रहालय परिसर र वरपरको क्षेत्र दैनिक रूपमा सफा गरिनेछ।

(ख) साप्ताहिक रूपमा सामूहिक सरसफाइ अभियान सञ्चालन गरिनेछ।

(ग) संग्रहालय परिसरका विभिन्न स्थानमा छुट्टै जैविक र अजैविक फोहर संकलन गर्ने डस्टबिन राखिनेछ।

(घ) संग्रहालय परिसर र वरपर वृक्षारोपण गरिनेछ।

(ङ) संग्रहालय क्षेत्रभित्र सरसफाइको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

(च) संग्रहालय क्षेत्रभित्र पशु चौपायको पालनमा निशेध गरिनेछ ।

(छ) संग्रहायलय क्षेत्रभित्र सवारी साधन प्रवेशमा निशेध गरिनेछ ।

(ज) संग्रहालय क्षेत्रभित्र सरसफाइको लागि टोल विकास संस्थाले सरसफाइ सम्बन्धिका कार्यको लागि गाउँपालिका संग समन्वय गर्नुपर्नेछ ।

(झ) तथा वातावरण संरक्षणको लागि गाउँपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

## परिच्छेद -५

## <u>विविध</u>

१२. दण्ड तथा जरिवाना:(१) संग्रहालय क्षेत्रभित्र निर्धारित नियम उल्लङ्घन गर्ने कुनै पनि कार्य गरेमा निम्ना जरिवाना वा कानूनी कार्बाही गरिनेछः

(क) संग्रहालय क्षेत्रभित्र बिना अनुमति नयाँ संरचना निर्माण गरेमा, पहिलो पटकमा चेतावनी दिइनेछ र तीन महिनाभित्र संरचना हटाउने समयसीमा दिइनेछ। सो समयसीमा भित्र नहटाएमा रु. ५०,००० जरिवाना तथा संरचना हटाउन गाउँपालिकाले आवश्यक कानुनी प्रक्रिया अघि बढाउनेछ।

(ख) संग्रहालय क्षेत्रभित्र रहेका सम्पदा, ऐतिहासिक संरचना, वा सांस्कृतिक सम्पत्तिहरूमा क्षति पुऱ्याएमा रु. २५,००० देखि रु. १,००,००० सम्म जरिवाना गरिनेछ।

(ग) संग्रहालय क्षेत्रभित्र गाउँपालिकाबाट स्वीकृति नलिई व्यापार, व्यवसाय वा व्यावसायिक गतिविधि सञ्चालन गरेमा रु. १०,००० जरिवाना गरिनेछ र व्यवसाय बन्द गराइनेछ।

(घ) संग्रहालय क्षेत्रभित्र फोहरमैला फाल्ने, तोकिएको स्थानबाहेक अन्यत्रै मलमूत्र गर्ने, वा वातावरणीय मापदण्ड विपरीत कार्य गरेमा पहिलो पटक रु. ५,०००, दोस्रो पटक रु. १०,०००, र तेस्रो पटकमा थप कारबाही गरिनेछ।

(ङ) संग्रहालय क्षेत्रभित्र बिना अनुमति व्यावसायिक फोटोग्राफी, चलचित्र सुटिङ, वा ड्रोन प्रयोग गरेमा रु. १५,००० देखि रु. ५०,००० सम्म जरिवाना गरिनेछ।

(च) संग्रहालय क्षेत्रभित्र प्रतिबन्धित गतिविधि (सवारी साधन प्रवेश, जथाभावी पार्किङ, पशु चौपाया चराउनु, आदि): यस्तो कार्य गरेमा पहिलो पटक चेतावनी दिइनेछ, दोस्रो पटकमा रु. १०,००० जरिवाना गरिनेछ, र तेस्रो पटकमा थप कानूनी कारबाही गरिनेछ।

(२) संकलित जरिवाना रकम "जीवित संग्रहालय कोष" मा दाखिला गरिनेछ।

(३) जरिवाना लगाउने प्रक्रिया, अपिल, तथा कारबाही सम्बन्धी थप नियमहरू गाउँपालिकाले आवश्यक परेमा छुट्टै निर्देशिका जारी गरी व्यवस्था गर्न सक्नेछ।

१३. **संशोधन प्रक्रिया: (१)** आवश्यक परेमा गाउँपालिकाको कार्यपालिका कार्यपालिकाले यो कार्यविधिमा संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिमा भएका कुनै प्रावधानहरु संघीय तथा प्रदेश कानून संग बझिएको हड सम्म अमान्य हुनेछ।

पुथाउत्तरगङ्गा गाउँपालिका राजपत्र